# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# बिसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १९ चैत्र २०८२

# बिहीवार

# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको बिसौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १४:०३ बजे प्रारम्भ भयो।

**(१४:०३ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, सभाको बिसौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको व्यहोरा जानकारी गराउँछु।

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १६ गतेको सिफारिसमा संवत् २०८२ साल चैत्र १९ गते बिहीवारका दिन १४:०० बजे सङ्घीय संसद् भवन, सिंहदरबारमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेको छु।

(रामचन्द्र पौडेल)
राष्ट्रपति
२०८२ चैत्र १६

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरौं।

माननीय सदस्यहरू, सङ्घीय संसद् राष्ट्रिय सभाको २०औं अधिवेशन शुभारम्भको अवसरमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु। २०७४ फागुन २१ गतेदेखि शुरू भएको राष्ट्रिय सभाले ८ वर्षको अवधिमा १९ वटा अधिवेशन सम्पन्न गरिसकेको छ। यस अवधिमा माननीय सदस्यहरूको सक्रिय भूमिकाको कारण राष्ट्रिय सभाले एक परिपक्व, सुझबुझयुक्त, समन्वयकारी, सहयोगी र स्थायी सदनको गर्भिलो परिचय दिन सफल भएको छ। यसको लागि माननीय सदस्यहरूप्रति उच्च सम्मान व्यक्त गर्दै यहाँहरूको भूमिकाको प्रशंसा गर्दछु।

राष्ट्रिय सभा स्थायी सदन भएकाले प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पद रिक्त हुने र सोही अनुपातमा निर्वाचन हुने संवैधानिक व्यवस्था अनुसार हामीले गत फागुनमा १९ जना सदस्यलाई बिदाइ गरिसकेका छौं भने १८ जना नव निर्वाचित सदस्यलाई औपचारिक कार्यक्रम गरि स्वागत पनि गरिसकेका छौं। नवनिर्वाचित माननीय सदस्यहरूलाई फेरि पनि राष्ट्रिय सभा बैठकमा हार्दिक स्वागत गर्दछु।

माननीय सदस्यहरू, जेन-जी आन्दोलन र त्यसपछि विकसित राजनीतिक घटनाक्रमका बीच हामीले २०८२ माघ ४ गतेदेखि फागुन १ गतेसम्म १९ औं अधिवेशन सञ्चालन गरेका थियौं। समयका हिसाबले छोटो अवधि भए पनि जिम्मेवारी र कामका हिसाबले १९ औं अधिवेशनको महत्त्व र गरिमा निकै माथि रहेको मैले महसुस गरेको छु। जेनजी आन्दोलनपछि बदलिएको देशको

राजनीतिक परिस्थिति र प्रतिनिधि सभा विघटन भई नयाँ निर्वाचन घोषणा भएको अवस्थामा एक प्रकारको अन्योलको बीच हामीले राष्ट्रिय सभामार्फत विशिष्ट कामहरू पूरा गरेका छौं। केही कानुनी जटिलता समाधान गर्नुका साथै सरकार, सङ्घीय संसद्, राजनीतिक दल र अन्य पक्षहरूसँग समेत सहमति, सहकार्य र समन्वय गर्दै संविधानको मर्मअनुसार आपसी विश्वास पैदा गर्ने र जनतामा उत्पन्न त्रास र अन्योललाई चिर्दै राष्ट्रिय सभाले अभिभावकीय भूमिका निर्वाह गर्न सकेकोमा मैले राष्ट्रिय सभा गौरवान्वित भएको अनुभूति गरेको छु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको १९ औं अधिवेशन समापन भई २०औं अधिवेशनको शुभारम्भसम्म आइपुग्दा देशको राजनीतिक परिदृश्यमा महत्वपूर्ण परिवर्तन भएको छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनबाट नेपाली जनताले नयाँ जनादेश दिएका छन्। सोही जनादेश अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीलाई एकल बहुमत प्राप्त भएको छ र सम्मानननीय प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार गठन भइसकेको छ।

लोकतान्त्रिक व्यवस्थामा जनताको मतमार्फत व्यक्त भएको जनादेश सर्वोपरि हुन्छ र त्यस जनादेशप्रति संसद् तथा सम्पूर्ण राज्य संयन्त्र उत्तरदायी रहनु अति आवश्यक छ। नयाँ सरकारप्रति जनताले सुशासन, पारदर्शिता, जवाफदेहिता, सेवा प्रवाहको प्रभावकारिता र विकास निर्माणका कामहरूमा गति आउने अपेक्षा गरेका छन्। जनताका यस्ता आकाङ्क्षा र अपेक्षालाई सम्बोधन गर्न सरकारलाई नीति, कानुन र निगरानीका माध्यमबाट उचित दिशा निर्देशन गर्नु हाम्रो साझा दायित्व हो। यस सन्दर्भमा राष्ट्रिय सभाको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु। साथै सरकार कानुनसम्मत ढङ्गले चल्ने र जनभावनाको उचित कदर हुने कुरामा हामी सबै विश्वस्त छौं।

माननीय सदस्यहरू, सङ्घीय संसद्का दुई सदन प्रतिनिधि सभा र राष्ट्रिय सभा बीचको सहसम्बन्ध, सहकार्य र सहअस्तित्व लोकतान्त्रिक संसदीय अभ्यासको आधार हो। प्रतिनिधि सभा जनताको प्रत्यक्ष मतबाट निर्वाचित प्रतिनिधिहरूको सदन हो भने राष्ट्रिय सभा सङ्घीय संरचनाको सन्तुलन, निरन्तरता र परिपक्व विमर्शको प्रतीकका रूपमा रहेको छ। यी दुई सदनबीच आपसी समन्वय, सम्मान र सहकार्यको वातावरण सुदृढ भएमा संसद्को समग्र प्रभावकारिता अझ बढ्नेछ।

त्यसैले आगामी दिनमा दुवै सदनबीच रचनात्मक सहकार्य, अनुभव आदानप्रदान तथा समन्वय अझ सुदृढ हुने विश्वास व्यक्त गर्दछु।

माननीय सदस्यहरू, बानेश्वरस्थित सङ्घीय संसद् भवनमा भएको क्षति तथा सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवन अझै पूर्ण रूपमा सम्पन्न नभइसकेको अवस्थाका कारण केही समय हामीले चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै सभा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ। यो अधिवेशन पनि हामीले यही सभा कक्षबाटै सञ्चालन गर्नुपर्ने स्थिति छ।

निर्माणाधीन संसद् भवन छिट्टै सम्पन्न भएमा सभा सञ्चालनका साथै संसदीय गतिविधि सञ्चालनमा सहज हुने हामी सबैले अपेक्षा लिएका छौं। साथै नयाँ भवनमा आधुनिक प्रविधिको प्रयोग हुने र त्यसले संसद्को काम कारबाहीलाई अझ व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने नै छ। डिजिटल प्रणाली, अभिलेखीकरण, सूचना प्रवाह र बैठक सञ्चालनका नवीन प्रविधिहरूको उपयोगबाट संसदीय कार्य अझ सुदृढ हुने आशा व्यक्त गर्दछु।

माननीय सदस्यहरू, यस अधिवेशनदेखि राष्ट्रिय सभा सदस्यका रूपमा आउनु भएका नवनिर्वाचित माननीय सदस्यहरूको अनुभव र योगदानले राष्ट्रिय सभाको कामलाई अझ समृद्ध बनाउने विश्वास लिएको छु। संसदीय अभ्यास, विधायकी प्रक्रिया, समितिहरूको भूमिका तथा संसदीय मर्यादासम्बन्धी विषयहरूबारे जानकारी गराउने उद्देश्यले नवनिर्वाचित सदस्यहरूका लागि सङ्घीय संसद् सचिवालयले अभिमुखीकरण कार्यक्रमको तयारी गरिरहेको छ।

यसले संसदीय कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मद्दत पुग्ने मैले अपेक्षा गरेको छु। आगामी दिनमा यस सभामा छलफल हुने विधेयकहरू, नीतिगत विषय, राष्ट्रिय तथा प्रादेशिक सरोकारका मुद्दाहरूमा माननीय सदस्यहरूको सक्रिय, रचनात्मक र जवाफदेहितासहितको सहभागिता रहनेछ भन्ने मैले विश्वास गरेको छु। लोकतान्त्रिक अभ्यासको सुन्दरता स्वस्थ बहस, विचारको विविधता र सहमतिका आधारमा अगाडि बढ्ने संस्कृतिमा निहित हुन्छ। त्यसैले विगतका अधिवेशनमा जस्तै यहाँ प्रस्तुत हुने विचारहरू मर्यादित, तथ्यपरक र जनताको हितमा केन्द्रित हुने अपेक्षा पनि लिएको छु।

देशको समग्र विकासलाई सरकारका नीति तथा विधिमार्फत सही दिशामा निर्देशित गर्ने र जनताको जीवनस्तर उकास्ने कार्यमा संसद्को भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। विशेष गरी राष्ट्रिय सभाले विधेयकहरूको सूक्ष्म अध्ययन, परिमार्जन तथा दीर्घकालीन राष्ट्रिय हितका दृष्टिले आवश्यक सुझाव दिने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यस अधिवेशनमा पनि राष्ट्रिय सभाले आफ्नो संवैधानिक दायित्व र जिम्मेवारीलाई अझ प्रभावकारी रूपमा निर्वाह गर्नेछ भन्ने अपेक्षा राख्दछु। हामी सबैको साझा उद्देश्य देशको जनताको हित, समृद्धि र सुशासन नै हो। यस लक्ष्य प्राप्तिका लागि राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिनु आजको आवश्यकता हो।

त्यसैले माननीय सदस्यहरूलाई संसद्भित्र गरिमामय, जिम्मेवार र सकारात्मक भूमिका निर्वाह गर्न हार्दिक अपिल पनि गर्दछु। राष्ट्रिय सभालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सबै माननीय सदस्यहरूको सक्रिय सहयोग र प्रभावकारी भूमिका रहनेछ भन्ने विश्वास व्यक्त गर्दै २० औं अधिवेशन पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको बिसौं अधिवेशन प्रारम्भको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्न नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य कृष्ण प्रसाद सिटौला।

(१४:१५ बजे) **माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, आज हामीहरू नेपालको एक नयाँ राजनीतिक परिस्थितिमा पुगेका छौं। निर्वाचन भएको छ, नयाँ सरकार निर्माण भएको छ। यो परिस्थितिमा आज हामीहरू राष्ट्रिय सभाको बैठक गरिराखेका छौं। म सर्वप्रथम यो सदनमा निर्वाचित भएर आउनु भएका सबै नयाँ साथीहरुलाई बधाई दिन चाहन्छु। नयाँ साथीहरू कोहि पनि हुनुहुन्न, नयाँ आउने साथीहरु सबै ..... (माइक सुनिएन) हामीले गर्ने सहमतिका निर्णयहरू नै हुने गरेका छन् प्रायजसो यहाँ, हाम्रा पक्ष विपक्ष त्यति छैनन्। सत्ता प्रतिपक्ष हुँदा पनि अहिले यहाँ सत्ताको मन्त्रीजी मात्रै हुनुहुन्छ आजका दिनमा भोलि फेरी होला अब प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट आउन त बाँकी नै हुनुहुन्छ एकजना। आजको सन्दर्भमा दुई वर्ष पछि अर्को स्थिति बन्ला के बन्ला र जे होस् यो अधिवेशनले देशको हितमा राष्ट्रको हितमा बृहत काम गर्न

सक्नुपर्छ , हामीले म यस अर्थमा यो अधिवेशनको सफलताको लागि हार्दिक शुभकामना दिन चाहन्छु। म सरकारलाई पनि शुभकामना दिन चाहन्छु , निर्वाचित सरकार नयाँ उत्साह , नयाँ जागरका साथ आएको छ। नीतिगत विषयमा राष्ट्रको हितमा, जनताको हितमा, नीतिगत विषयमा हामीहरू रचनात्मक ढङ्गले सरकारलाई सहयोग गर्न चाहन्छौं। एउटा भनाइ छ सधैं, राम्रो काम आए समर्थन गर्ने नराम्रो काम आए विरोध गर्ने। म यसलाई अलिकति परिमार्जित ढङ्गले भन्न चाहन्छु सरकारले सधैं राम्रो काम गरोस। ताकि सधैं समर्थन मात्रै गर्न पाइयोस् विरोध गर्न नपरोस्। तल्लो सदनमा पनि यो सदनमा पनि मेरो सरकारलाई शुभकामना छ। राम्रो मात्रै सरकारले काम गर्न सकोस्। राम्रो काम भन्नाले जनताको हितमा, राष्ट्रको हितमा, यो संविधानका मौलिक अन्तरवस्तुहरुको अझ सुदृढीकरण गर्ने सन्दर्भमा , यसको कार्यान्वयनमा र जनताको जे आकांक्षा छ जुन आकांक्षाका साथ जनताले यो सरकार निर्माण गर्ने ठुलो मत दिएर पठाएका छन्। त्यो आकांक्षालाई लाई पूरा गर्ने सन्दर्भमा सरकारको सदैव रचनात्मक भूमिका आउन सकोस्। हाम्रो यसमा सकारात्मक भूमिका रहनेछ। देशको स्वाधीनता, देशको सार्वभौमिकता, देशको राष्ट्रियता, यो संविधान इन्क्लुसिभ डेमोक्रेसीको संविधान हो। सबै वर्ग, क्षेत्र, जाति, लिङ्ग, पेशा, व्यवसायका सबै मानिसहरू समावेश हुने नीति निर्माणमा स्थानीय, प्रदेश र सङ्घीय सरकारसम्म सबैलाई हित हुने कुरामा सरकार अगाडी जान सकोस् मेरो यस अर्थमा सरकारलाई धेरै धेरै शुभकामना छ।

एउटा सन्दर्भ आज पहिलो दिनै मैंले कुरा उठाउन आवश्यक ठाने। सरकार बनेको पहिलो क्याबिनेटको पहिलो डिसिजन मेरो लागि अत्यन्त अनौठो र आश्चर्यजनक भयो। कतिपयले सत्तामा रहने साथीहरुले तपाईं त पुरानो मान्छे पुरानै शैली त भन्ला नि तर मैले भन्न पर्छ आज एउटा कुरा। स्वयं मन्त्रिपरिषदले निर्णय गरेर कार्की आयोगको रिपोर्टको यो अंश अहिले कार्यान्वयन नगर्ने यो अंश चाहिँ कार्यान्वयन गर है, पक्रिहाल है, थुनिहाल है भन्नु क्याबिनेटले पर्दैन थियो, त्यसो भन्नु हुदैन थियो। स्वयं मन्त्रिपररिषदले नि त्यो भनिसकेपछि बिचरा मन्त्रीले के गर्छन, बिचरा प्रहरीहरुले के गर्छन्, बिचरा सरकारी वकिलहरुले के गर्छन्। पहिले त त्यो आयोग विधिवत रुपले सार्वजनिक हुनुपर्थ्यो। यो संसद्मा टेबल पनि हुनुपर्थ्यो होला। नभए आम जनताले थाहा पाउने गरि त्यो आउनुपर्थ्यो। अनलाइन मार्फत मात बाहिर आयो, अनलाइन मार्फत थाहा पायौ हामीले पनि ,अरुले पनि .....(माइक सुनिएन) हो पनि त्यो अर्थमा संविधानको मूलमर्म र भावना सँगै मेल खादैन यो सरकारको यो निर्णय। यस्तो हतार हतार पक्राउ गर्ने कुरा मेल खादैन संविधान , Due process of law लाई यसले फलो गर्न सकेन। म त त्यस्तो पार्टीको काङ्ग्रेसको कार्यकर्ता हु , २००७ सालको

क्रान्तिमा हामीले बन्दुक उठायौ राणा शासन अन्त्य भयो। तर त्यही अन्तिम शासक मोहन शमशेरलाई प्रधानमन्त्री बनाएर यो देशकै प्रात: स्मरणीय नेता बिपी कोइराला गृहमन्त्री बन्नु भएको छ। हामी बदलाको राजनीतिमा कहिले विश्वास गर्दैनौं। प्रतिशोधको राजनीतिमा हामी कहिले विश्वास गर्दैनौं। हामी सामाजिक सदभाव र एकतामा विश्वास गर्छौं। हामी समाजमा घृणा फैलिने कुरा, ..... फैलाउने कुरामा विश्वास गर्दैन त्यसले समाज बन्दैन देश बन्दैन। हाम्रो देश अहिलेको विश्वको राजनीतिमा जुन लोकेसनमा छ जुन ठाउँमा छ हामी सन्तुलित ढङ्गले सबैलाई मिलाएर अगाडी बढ्दा मात्र यो देशको भलाई हुन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं।

त्यसैले म यति नै कुरा भन्न चाहन्छु कि अझ त्यसमा पनि केपी ओली प्रधानमन्त्री उहाँको शरीर पनि अत्यन्त संवेदनशील हो, दुई दुई पटक किड्नी उहाँले ट्रान्सप्लान्ट गर्नु भएको छ। उहाँ शरीर आफै संवेदनशील छ। उहाँ कहीं भाग्ने तर्खरमा हुनुहुन्न, कहीं प्रमाण नष्ट गर्ने तर्खरमा हुनुहुन्न, जसरी प्रहरीले जरुरी सार्वजनिक पुर्जी थमायौ रातारात घर घेरेर बिहानी पक्राउ यो अत्यन्त उचित भएन। उहाँ भागेर जाने भए निर्वाचन लड्नु हुने थिएन। उहाँको पार्टीले निर्वाचन लड्ने थिएन। उहाँ अगावै गइहाल्नु हुन्थ्यो होला त, घरैमा गएर ब्यान लेखेर दिन्थ्यो होला। त्यस्तो कुरामा एउटा मानवीय पक्ष हुन्छ त्यो मानवीय पक्ष पनि सरकारले सम्झन सकेन, सम्झनु पर्छ हामीलाई। त्यसकारणले म हामीले धेरै द्वन्द्वहरु पार गर्दै यहाँ समय आइपुगेका छौं धेरै द्वन्द्वहरु पार गरेर आइपुगेका छौं। हरेक द्वन्द्वहरु हामीले अन्तत: एउटा समझदारीमा टुङ्ग्याउदै पनि आएका छौं। कतिपय द्वन्द्वहरुबाट उत्पन्न अन्यायपूर्ण घटनाहरुलाई अझै हामी टुङ्गोमा पुग्न सकेका छैनौ जस्तै शान्ति प्रक्रियाका बाँकी काम अझै पनि टुङ्ग्याउन बाँकी छ दुइटा आयोगहरु अझै पनि क्रियाशील छन्। त्यसले अझै पनि १० वर्षको द्वन्द्वमा परेका अन्यायमा परेका मानिसहरूलाई न्याय दिन सकिरहेको छैन। अझै पनि काम बाँकी छ। हामी सबैले मिलेर देशका सबै राजनीतिक दलहरुले बिना बदलाको भावना, बिना प्रतिशोधको भावना, हामी एकताबद्ध भएर अगाडी गयौ भने मात्रै यो देश बन्ने हुन्छ। सत्तामा बहुमत ल्याउनु झन्डै दुई तिहाई पुग्नु विगतमा धेरै घटना देखेकै छौं। २०४८ सालमा हाम्रो आफ्नै पार्टीको बहुमत थियो साढे ३ वर्ष त जान सकेन, २०५६ मा हाम्रो नेपाली काङ्ग्रेसका बहुमत थियो लामो जान सकेन , यो संविधान जारी भइकेपछि बामपंथीले दुइटै पिडाकै झन्डै झन्डै अलिकति मात्र कम अहिलेको जस्तै जस्तै खालको त्यो पनि साढे ३ वर्ष त जानै सकेन नि त त्यसकारण हामीले नेपालको राजनीतिमा धेरै गम्भीरतापूर्वक विचार गर्नु पर्ने बेला त हो नि आजको दिनमा, त्यसैले म सरकारलाई खास गरि प्रधानमन्त्रीज्यूलाई मन्त्रीज्यू हुनुहुन्छ माननीय

मन्त्रीज्यूमार्फत म आग्रह गर्न चाहन्छु हामी सबैको बिचमा एउटा एकता निर्माण गरेर अगाडी जाने एकता हाम्रा लागि होइन, सत्ताका लागि हैन , सत्ताको साझेदारीका लागि हैन , जनताका लागि, नीति निर्माण गर्ने कुरामा एउटा साझा एउटा बुँदा निर्माण गर्न सक्यौ ताकि राष्ट्रलाई सबैले मिलेर अगाडी बढाउन सकियोस् ।

रोजगारीको समस्या छ, बेरोजगारीको समस्या छ, बहु मानिसले आकांक्षा गरेका छन् । खाडी मुलुकमा कति लाखौ मानिस छन् त्यहाँ युद्ध भइराखेको छ । त्राहिमाममा बसेका छन् त्यहाँका हाम्रा दाजुभाइ दिदीबहिनीहरू ति मानिसहरूको अवस्था के होला ? हामी सबैले गम्भीरतापूर्वक सोच्यौ भनेर एउटा नयाँ नीति निर्माण गऱ्यो भने पो त्यो कुरालाई हामी सम्बोधन गर्न सक्छौं त , हाम्रो अर्थतन्त्र कति बोलियो छ, हाम्रो आर्थिक अवस्था कति छ, बजेट कति बढी आउला र हामी सबैलाई थाहा भएको कुरा छ नि त तर ति सबै कुरामा हाम्रो बृहत एकता र समझदारीले राष्ट्र निर्माण गर्न सकिन्छ देशलाई अगाडी बढ्न सकिन्छ । त्यस्तै अहिलेको विश्वको राजनीति आजको ५ वर्ष अगाडिको छैन । अहिले इरान माथि अमेरिकाको, युक्रेन र रसियाको , खाडी मुलुकमा भएको बमबारीको सारा विश्व आतङ्कित अवस्थामा छ । हाम्रा नेपालीहरू चाहे युरोपका कुनै पनि ठाउँमा हुन्, चाहे रसियाका सेनामा भर्तीरहेका मानिस हुन्, चाहे युक्रेनमा रहेका मानिसहरू हुन्, चाहे खाडी मुलुकमा रहेका मानिसहरू हुन्, चाहे इरानमा पुगेका मानिसहरू हुन्, इभन अमेरिकामा पुगेका मानिसहरू अमेरिकाले बदलिएको उसको हिसाबमा बदलिएको नीतिका कारण दुःख पाएका मानिसहरू सबैलाई सम्झदा हामी सबै नेपालीहरुले एक ठाउँ उभिएर एउटा नयाँ मार्गचित्र देश निर्माण गर्ने यही संविधान भित्रबाट निर्माण गर्न सकेन भनेदखि फेरी पनि द्वन्द्व नयाँ किसिमको द्वन्द्व नेपालमा निम्त्यायन सक्छ । दुनियालाई हामी बाहेक बाहिरका दुनियाहरुलाई लाग्दा नेपाल सधै यस्तै हो तर हामी नेपाललाई दुःख लाग्नु पर्छ । हामी सबैलाई साझा दुःखको विषय हो जनताको दुःख जनताको सुख जनताको समृद्धि हामी सबैको साझा प्रयासको विषय बन्नुपर्छ । म यति नै कुरा गरेर म सरकारलाई विशेष शुभकामना दिन चाहन्छु सरकारले सधै यो संविधान भित्रबाट संविधानलाई सुदृढ गर्ने विषयमा, संविधानको अन्तरवस्तुहरुलाई सही ढङ्गले कार्यान्वयन गर्ने विषयमा, जनताको हितमा व्यापक ढङ्गले काम गर्ने विषयमा, राष्ट्रिय एकता निर्माण गर्न सकोस् । राष्ट्रिय एकताको कहिलेकाहीँ गलत अर्थ लगाइदिन्छन् सत्ता साझेदारी खोजे कि क्या हो त्यो बिल्कुलै हैन, कदापि हैन, पार्लियामेन्ट सिस्टम हो सत्ता हुन्छ, प्रतिपक्ष हुन्छ । सत्ताले गरेको राम्रो कामको लागि समर्थन हुन्छ, गलत कामको लागि विरोध हुन्छ । त्यसैले अहिले मैले सुरुमै भनेको छु सरकारलाई विरोध गर्नु पर्ने

अवस्था कहिले नआओस त्यसमा हामी जना पायौ भने सुखद हुन्छ यही शुभकामना दिदै मेरा कुरा यही टुङ्ग्याउन चाहन्छु सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा यति नै कुरा भन्न चाहन्छु। यो देश हामी सबै के हो। तराई, पहाड, हिमाल, मेची, महाकाली , सबै वर्ग, क्षेत्र, सबै धर्म, सबै संस्कृतिका मानिसहरूको कुनै एउटा आडम्बर गरेर, कुनै एउटा अहंकार गरेर, कुनै दम्भ गरेर मेरो यत्रो ठुलो सङ्ख्या छ भने हिड भनेदखि कहीँ न कहीँ फेरी ठक्कर लाग्छ, कहीँ न कहीँ फेरी खुट्टामा चोट लाग्छ। त्यसैले सत्ताले जहिले आँखा खुला राखेर हिड्न सक्नु पर्छ, दिमाग ओपन राखेर हिड्न सक्नु , खुला राखेर सक्नुपर्छ। मैले गरेकै ठिक अहंकारले देश धेरै पटक बर्बादीमा हामी परेका छौं, हामी नै परेका छौं। अब त्यस्तो नहोस् हामी सबै एक ठाउँमा बसेर देश निर्माण गर्ने अभियानमा जुट्न सकोस् यही म शुभकामना दिन चाहन्छु। छिट्टै नै केपी ओली, रमेश लेखकहरू छुट्न सकुन, छिट्टै नै न्याय निशाफ भएको जनताले पाउन सकुन। छिट्टै नै हामीले न्याय भएको हामीले देख्न पाउँ। शुभकामना चाहन्छु, धन्यवाद जय नेपाल।

(१४:२६ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य मदन कुमारी शाह “गरिमा”

(१४:२६ बजे) <u>**माननीय श्री मदन कुमारी शाह “गरिमा” (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिला म राष्ट्र, राष्ट्रियता, गणतन्त्र र सुशासनका निम्ति २००७ साल देखि भदौ २३/२४ २०८२ सम्म भएका सबै क्रान्ति र आन्दोलनमा सहादत हुनु भएका ज्ञात , अज्ञात सहिदहरुमा म मेरो पार्टी नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। राष्ट्रिय सभा र प्रतिनिधि सभामा नवनिर्वाचित हुनु भएका सम्पूर्ण माननीय सदस्यहरुलाई म हार्दिक बधाई दिन चाहन्छु। उहाँहरुको सफल कार्यकालको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। त्यसैगरी अहिले हामीले नयाँ सरकार प्राप्त गरेका छौं। म यो सरकारका सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीज्यूहरु सबैलाई हार्दिक बधाई दिन चाहन्छु। उहाँहरुको सफल कार्यकालको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। यसै सन्दर्भमा आज हामी राष्ट्रिय सभाको बिसौं अधिवेशनको पहिलो दिनमा उपस्थित भएका छौं। यस सन्दर्भमा बिसौं अधिवेशनको ऐतिहासिक र भव्य सफलताको शुभकामना पनि व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, आज हामी जुन व्यवस्थामा छौं यो व्यवस्था, यो गणतान्त्रिक सङ्घीय गणतान्त्रिक व्यवस्था त्यतिकै प्राप्त भएको होइन

यसमा ठुलो बलिदानी हामीले दिएका छौं , नेपाली जनताले दिएका छन्। त्यसकारणले यो बलिदानबाट प्राप्त गणतन्त्र, सङ्घीयता धर्मनिरपेक्षता, समावेशिता प्रति हाम्रो पार्टी , नेपाल कम्युनिष्ट पार्टी सधैं प्रतिबद्ध रहेको कुरा पनि म यहाँ अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष अध्यक्षज्यू, हामी सबैलाई थाहा छ हामी जटिल भूगोलमा अवस्थित छौं। यस्तो अवस्थामा अवस्थित छौं जहाँ ठुला ठुला भूगोल भएका देशहरु छन् विकासको हिसाबले प्रतिस्पर्धामा छन् यस्तो अवस्थामा हामी अवस्थित रहेको बेला नेपाललाई नेपालको राष्ट्रियतालाई जोगाउदै नेपालको आफ्नोपनलाई जोगाउदै कसरी हामी मौलिक रुपले अगाडि बढ्नुपर्छ भन्ने चुनौती हाम्रो अगाडि छ। मैले विश्वास लिएको छु , यो सरकारले आफ्नै मौलिकताका आधारमा नेपालको गणतन्त्र, नेपालको लोकतन्त्र, नेपालको समावेशीता, सङ्घीयता, धर्मनिरपेक्षताको सम्मान गर्दै यसलाई थप समृद्ध बनाउदै अगाडि बढ्न सकोस , बढ्नेछ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू , मैले यहाँ भनिरहनु पर्दैन हाम्रो जस्तो आर्थिक रुपले पछाडि परेको, सामाजिक सांस्कृतिक रुपले पछाडी परेको, आर्थिक रुपले पछाडी परेको मुलुक , विश्वका इतिहासलाई पनि हामीले हेऱ्यो भने सधैं अरुका प्रयोगशाला बन्ने गरेका छन्। मलाई के लाग्छ भने २००७ साल देखि आज सम्म हाम्रो मुलुक पनि प्रयोगशाला भएको छ भनेर बाहिर कतिपयहरुले टिका टिप्पणी गर्छन्। यसप्रति अहिलेको सरकार सचेत हुन आवश्यक छ भन्ने मलाई लाग्छ। हामी सबै जो यो नेपाललाई माया गर्दछौं नेपाली हुनुमा गर्व गर्दछौं। हामी सबै सचेत हुनुपर्दछ भन्ने कुरा मलाई लाग्दछ र यस अर्थमा हामीले जुन नीति लिएका छौं पञ्चशीलको सिद्धान्तको आधारमा अगाडी बढ्ने जुन नीति लिएका छौं यसलाई दृढतापूर्वक हामीले कायम राख्नुपर्छ यसैमा अगाडी बढ्नुपर्छ भन्ने कुरा पनि म राख्न चाहन्छु।

अहिलेको निर्वाचनमा रास्वपा अभूतपूर्व ढङ्गले विजयी भएको छ। सरकारले सय दिनका सय काम पनि घोषणा गरिसकेको छ , म स्वागत गर्न चाहन्छु। तर यसमा मैले पढ्न पाइन, शिक्षामा रहेको बेथितिलाई कसरी हटाउने, बैदेशिक रोजगारमा रहेको बेथितिलाई कसरी अन्त्य गर्ने, अहिले युद्ध चलिरहेको अवस्थामा बैदेशिक रोजगारबाट फर्किने धेरै हाम्रा युवाहरुको सम्भावना छ तिनीहरुको व्यवस्थापन कसरी गर्ने, त्यहाँ जोखिममा रहेकाहरुलाई कसरी स्वदेश ल्याउने र त्यसकारणले जुन युद्ध छ त्यो युद्धका कारणले जुन इन्धनको अभाव भइरहेको छ जसका कारणले महंगी चर्को रुपमा बढिरहेको अवस्था छ यसलाई कसरी व्यवस्थित र नियन्त्रण गर्ने भन्ने सन्दर्भमा त्यो सय बुँदामा मैले पढ्न पाइन। त्यसैगरी अरु जनसरोकारका विषयहरू पनि त्यसमा समेटिएका छैनन् भन्ने मलाई

लाग्दछ। कृषि क्षेत्रको बारेमा त्यहाँ बोलिएको छैन हामीलाई थाहा छ अहिले पनि हाम्रो स्वास्थ्यसँग खेलवाड भइरहेको छ। विशावादीहरुयुक्त खाद्य कुराहरू हामी खान बाध्य भएका छौं। यसबारेमा संवेदनशील हुनुपर्छ जस्तो मलाई लाग्छ। मलाई त के लाग्छ भने अहिले जुन हामीले कृषि क्षेत्रमा बिउ जुन प्रयोग गरिरहेका छौं त्यो पुन: उत्पादनशील बिउ छैन। भोलि गएर नाकाबन्दी गर्दिए , हामीलाई बिउ दिएन भने हामी हाम्रो देशमा उत्पादनै नहुने खतरा पनि बढिरहेको छ यस बारेमा हामी समयमै सचेत हुनुपर्छ सरकार सचेत हुनुपर्छ भन्ने मलाई लाग्छ र बहुराष्ट्रिय कम्पनीहरुको एकाधिकार कायम नहोस् भन्ने कुरामा नेपाल जस्तो सानो मुलुक सचेत हुन आवश्यक छ भन्ने कुरा अनुरोध गर्न चाहन्छु। त्यसैगरी सय दिनका सय काममा सीमा क्षेत्रका समस्याहरुको बारेमा पनि केही बोलिएको छैन , सन्धि सम्झौताहरुको बारेमा केहि बोलिएको छैन , कुटनीतिक क्षेत्रलाई कसरी व्यवस्थित गर्ने , हामीले देखेका छौं कुटनीतिक क्षेत्रमा पनि धेरै बेथितितिहरु छन् त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा पनि त्यसमा पाएको छैन यी सबै कुराहरु आउँदा अझै सुनमा सुगन्ध हुन्थ्यो भन्ने मलाई लाग्छ। यो लोकतान्त्रिक सरकारले त्यो लोकतन्त्रको मर्म अनुरुप काम गर्न सकोस भन्ने कुरा पनि म राख्न चाहन्छु।

हामी विधिको शासनमा विश्वास गर्ने पार्टीहरू हौं हामी नेपालीहरू हौं। आज जुन गणतन्त्र, सङ्घीयता, समावेशीता, धर्मनिरपेक्षता जुन छ त्यो के त्यतिकै प्राप्त भएको हो ? त्यो प्राप्त गर्नका लागि हाम्रा अग्रजहरुले , हाम्रा नेताहरुले धेरै त्याग तपस्या गर्नु भएको छ। हाम्रा धेरै युवाहरुले सहादत प्राप्त गर्नु भएको छ। धेरै आफ्नो निजी जीवनलाई पनि बेवास्ता गरेर त्यो लोकतन्त्रको लागि , गणतन्त्रको लागि लड्नु भएको छ तर आज आइसक्दा कहीँ लोकतन्त्र कमजोर हुने हो कि ? निरङ्कुशता हावी हुने हो कि ? हिजो गणतन्त्र ल्याउनको लागि योगदान गरेका पार्टी र नेताहरु माथि अन्याय हुने हो कि ? विधि प्रक्रियाबाट यो लोकतान्त्रिक सरकार अगाडी बढ्ने हो कि होइन भन्ने प्रश्न चिन्ह खडा भएको छ। यसरी अभूतपूर्व ढङ्गले विजयी भएको लोकतान्त्रिक सरकारले त्यो त्याग , त्यो बलिदानलाई पनि स्मरण गर्न जरुरी छ। यो यतिकै प्राप्त भएको होइन भन्ने कुरा स्मरण गर्न जरुरी छ र त्यसको सम्मान लोकतन्त्रको सम्मान गर्ने कुरा त्यसलाई थप समृद्ध बनाउने कुरामा लाग्नुपर्छ र विधि र प्रक्रिया मिचेर कुनै पनि बदलाको भावनाबाट त्यो कार्य गरिनु हुँदैन भन्ने कुरा म यहाँ स्पष्ट ढङ्गले राख्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, हामीले देखिरहेका छौं महिला हिंसाका घटनाहरु दिन प्रतिदिन वृद्धि भइरहेका छन् भर्खरै पनि हामीले थाहा पायौं इनिशा वि. क. जसलाई बलात्कार गरेर हत्या गरिएको छ। म सरकारलाई लाई सोध्न चाहन्छु , लोकतान्त्रिक सरकारलाई

सोधन चाहन्छु। न्याय पाउनको लागि माइती घरमा कहिले सम्म हामी धरना बस्ने, न्याय पाउनको लागि मृत्यु गरिसकेपछि क्यान्डल जलाउने मात्रै हो कि हामीले साच्चै न्याय दिने हो। पिँधमा रहेका जनतालाई, पिँधमा रहेका समुदायलाई हामीले न्याय दिने हो। यो कुरा पनि यो लोकतान्त्रिक सरकारले हेक्का राखोस्, सोचोस् भन्ने कुरा अनुरोध गर्न चाहन्छु।

अहिले हामीले देखिरहेका छौं साइबर बुलिङ यति धेरै छ महिलाहरूलाई महिलाले त केहि लेख्नै हुदैन, महिलाहरूले त्यो केहि बोल्नै हुदैन, यति धेरै साइबर बुलिङ गरेको छ अहिले हामीले अहिले देखिरहेका छौं। एकजना सानो बहिनी अमिषा पराजुली जसमाथि त्यो यति धेरै बुलिङ गरिएको छ कि यदि सामान्य खालको मान्छे हो भने त त्यसले आत्महत्या गर्न त्यो बाध्य हुन्छ। उसले निडर भएर, निस्फिकर भएर आफ्नो व्यक्तित्व विकास गर्न सक्दैन। म प्रश्न गर्न चाहन्छु लोकतान्त्रिक सरकारलाई साइबर ब्युरो स्वत: सक्रिय हुनु पर्दैन। निवेदन दिएन जानुपर्ने किन त्यो परिस्थिति छ ? यस्ता कुराहरुलाई त लोकतान्त्रिक सरकारले रोक्नु पर्ने हो प्रतिबन्ध गर्न सक्नुपर्ने गलत मान्छेलाई सजायको भागीदार बनाउनको लागि छानबिन गर्नुपर्ने हो जस्तो मलाई लाग्दछ। सम्माननीय अध्यक्षज्यू, हामीले, यो सरकारले लोकतन्त्रको, गणतन्त्रको, समावेशताको, धर्मनिरपेक्षाताको रक्षा गर्ने समृद्ध बनाउने जिम्मेवारी त छ छ। त्यस सँगसँगै नेपाली जनताको चाहना अनुसार नेपाललाई समृद्धिको बाटोमा डोऱ्याउनु पर्ने आवश्यकता छ। ठुला ठुला आयोजनाहरुलाई निर्माण गर्नुपर्ने आवश्यकता छ म अनुरोध गर्न चाहन्छु सरकारलाई, शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई यही आर्थिक वर्षबाट फुल फेजमा सञ्चालन गरियोस। पश्चिम सेती कर्णाली जस्ता ठुला परियोजनाहरुलाई निर्माण गरियोस् र जनभावना अनुसार, जनताको आवश्यकता अनुसार, राष्ट्रको आवश्यकता अनुसार काम यो सरकारले गरोस भन्ने कुरा म राख्न चाहन्छु र म अन्तिममा के अनुरोध गर्न चाहन्छु भने फेरी पनि म अनुरोध गर्न चाहन्छु कि संस्थागत र प्रणालीगत पद्धतिलाई सुधार अवश्य गर्नुपर्छ तर त्यो गर्ने नाउँमा कसैलाई बदला लिने गरि, कसैलाई नामेट बनाउने गरि, कुनै पनि काम राज्यले गर्नु हुदैन पारदर्शिता त्यसमा हुनुपर्छ, विधि सम्वत् ढङ्गले हुनुपर्छ, प्रक्रियागत ढङ्गले हुनुपर्छ, निष्पक्ष हुनुपर्छ र यो सरकारले त्यो बाटो, त्यो गोरेटोलाई समातोस भन्ने अनुरोध गर्दै म बिदा हुन चाहन्छु र समयको लागि धन्यवाद।

(१४:३७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य प्रेम प्रसाद दंगाल।

(१४:३८ बजे) **माननीय श्री प्रेम प्रसाद दंगाल (नेपाल कम्युनिस्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यही फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत ल्याएको छ। सो पार्टीका संसदीय दलका नेता एवं सम्माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाह ज्यूलाई म धेरै धेरै बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु। त्यसैगरी उहाँको मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यज्यूहरूलाई धेरै धेरै बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। यो सरकारले नेपाली जनताको हित, राष्ट्र, राष्ट्रियता , राष्ट्रिय एकता, स्वाधीनता, भौगोलिक अखण्डता कायम राख्दै जनताका जनजीविका विषयहरूलाई सम्बोधन गर्न सकोस्। यस काममा हाम्रो दलको तर्फबाट हामी सहयोग नै गर्नेछौं। हामी विपक्षको रुपमा रहेका छौं र हामी रचनात्मक भूमिका खेल्न चाहन्छौं। राम्रो काम गर्नुहोस् धेरै धेरै धन्यवाद छ। नराम्रो काम गर्नुहोस् विरोध छ। त्यसो भएको हुनाले हाम्रो दल गुण र दोषका आधारमा यो सरकार प्रति हेर्ने हाम्रो दृष्टिकोण रहनेछ।

सम्माननीय अध्यक्ष महोदय, यही माघ ११ गते देशका सबै निर्वाचन क्षेत्रहरू, सबै प्रदेशहरूमा निर्वाचन सम्पन्न भयो। राष्ट्रिय सभाको राष्ट्रिय सभामा निर्वाचित भएर आउनु भएका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई म धेरै धेरै शुभकामना व्यक्त गर्न चाहन्छु। यहाँहरूको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। आजबाट माध्यामिक शिक्षा परीक्षा एसइइ सुरु भएको छ। सबै बालबालिका , विद्यार्थी , परीक्षार्थीहरूलाई उत्कृष्ट अङ्क ल्याई पास आउट हुनका लागि म धेरै धेरै शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, नव गठित मन्त्रिपरिषद्को पहिलो बैठकले गत भदौ २३ र २४ गतेको प्रदर्शन पछि भएका जनधनको क्षतिका सन्दर्भमा जाँचबुझ गर्न गठित “गौरी बहादुर कार्की आयोगको” प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय र सो निर्णयका आधारमा नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री एवं नेपाली काङ्ग्रेसका नेता श्री रमेश लेखक उहाँहरूको भएको गिरफ्तारी प्रति दलको गम्भीर ध्यान गएको छ। यो सरकारको नियत कतिसम्म निर्दयी र अपराधिक मनोवृत्तिको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ कि ? पटक पटक प्रधानमन्त्री भइसकेको व्यक्तित्व नेकपा एमालेका अध्यक्षज्यूलाई सँगसँगै रमेश लेखकज्यूलाई अत्यन्त अपमानजनक ढङ्गबाट गिरफ्तार गरिएको छ र किन यो सरकार यसरी उद्दण्ड भयो ? किन यसरी प्रस्तुत भयो ? खासगरीकन पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको बुढेसकालको शरीर २/२ पटक म एकदमै सहमत छु। माननीय कृष्ण प्रसाद सिटौलाज्यूले सुरुमै उठाई सक्नु भएको छ।

२/२ पटक मृगौला प्रत्यारोपण गरी दीर्घरोगबाट ग्रसित भएको व्यक्तित्व। यो अवस्थामा नै उहाँको पिताजीको स्वर्गारोहण भएर त्यो काजक्रिया पनि सकिन लाग्दा नलाग्दै आसोस पारिरहेकै एउटा स्थितिमा चाहिँ यो घटना घट्न पुगेको छ। मध्यरात देखि नै उहाँको बासस्थान वरपरका सबै गौडाहरू सबै गौडाहरू , नाकाहरू बन्द गरी दैलो ढुकेर कुरेर मानौं कि आतङ्ककारीलाई जस्तो गरि गिरफ्तार गर्ने यो सरकारले काम गरेको छ। यस प्रति हाम्रो खेद छ। उहाँहरूलाई जरुरी पुर्जी थमाई गैरकानुनीका आदेशबाट आधारमा यसका आधारमा गिरफ्तार गरियो। के उहाँले देश छोडेर जाने व्यक्तित्व हो ? जाने भए त ७ महिना भयो यो बीचमा त्यो घटना पछि गई सक्नु हुन्थ्यो होला नि। त्यस्तो होइन उहाँ भाग्नु हुन्न। उहाँ त यो देशको अन्तिम रक्षक हो, हामी सबै रक्षक हौं, उहाँ अन्तिम रक्षक हो। हामीलाई त्यस्तो लाग्छ, नत्र उहाँ कुनै ओहदामा भएर प्रमाण नै नष्ट गर्ने अवस्थामा हुनुहुन्थ्यो। अनावश्यक अपर्झट यसरी चाहिँ गिरफ्तारी गरिएको छ। कुनै विधि, कानुनी प्रक्रिया र लोकतान्त्रिक मूल्य मान्यता विपरीत भएको यो गिरफ्तारीको दलको तर्फबाट घोर आपत्ति, भत्सर्ना र निन्दा गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, २०८२ भाद्र २३ गतेको प्रदर्शनका क्रममा भएको जनधनको क्षतिका सन्दर्भमा निष्पक्ष छानबिन गर्न र भदौ २४ गतेको प्रदर्शनीलाई विध्वंसात्मक बनाउन भएको घुसपैठ , राष्ट्रिय तथा व्यक्तिगत सम्पत्तिहरूको आक्रमण लुटपाट आगजनीको घटनाको निष्पक्ष छानबिन हुनुपर्ने पक्षमा हाम्रो दल अडिग थियो , छ। निष्पक्ष छानबिन नगरी जाँचबुझ आयोगका अध्यक्ष गौरी बहादुर कार्कीले आयोग गठन हुनु भन्दा अगाडि उहाँले जति ट्विट गर्नुभयो, जति स्टाटस लेख्नुभयो, जति उहाँले निष्कर्ष प्रस्तुत गर्नुभयो। त्यो निष्कर्षलाई पुष्टि गर्ने बाहेक त्यो आएको प्रतिवेदनमा अरू कुरा छैन। अरू विषयहरूमा छानबिन नगरेकोबाट कार्की आयोगको भूमिका पूर्णतः पूर्वाग्राही प्रेरित, पूर्वाग्रह प्रेरित रहेको पुष्टि भएको छ। यो आयोग निष्पक्ष छानबिनका लागि बनेको होइन भन्ने हाम्रो दलको धारणा यसको प्रतिवेदनले नै पुष्टि गरेको छ। अतः कार्की आयोगको प्रतिवेदन पूर्वाग्राही तत्कालीन राजनीतिक नेतृत्वको चरित्र यात्रा गर्ने उद्देश्यले प्रेरित घृणाको राजनीतिलाई संस्थागत गर्ने गरी तयार भएको हाम्रो दलको निष्कर्ष छ। तसर्थ, यो प्रतिवेदन निन्दनीय, खेदजनक छ र यो प्रतिवेदनका आधारमा भएका सबै काम कारबाहीहरू हामी अस्वीकार गर्दछौं। यस्तो पूर्वाग्राही र प्रतिशोधपूर्ण युक्त मिथ्याङ्कमा आधारित एक पक्षीय प्रतिवेदनको हवाला दिएर नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई बिना सर्त अविलम्ब रिहाइ गर्नुपर्छ। बिना शर्त अविलम्ब रिहाइ गर्नुपर्छ। यो दलको तर्फबाट म यहाँ जोडदार माग गर्न चाहन्छु। यस्तो आधारहिन , पूर्वाग्राही र प्रतिशोधात्मक प्रतिवेदन ल्याउने आयोगका अध्यक्ष र सदस्यहरू उपर छानबिन गरी कारबाही गरियोस् भन्ने म चाहिँ प्रस्ताव

गर्न चाहन्छु। उहाँहरूलाई रिहाइ , बिना सर्त अविलम्ब रिहाइ र कार्की आयोग र कार्की आयोगको अध्यक्ष समेत सदस्यहरूलाई यस्तो प्रतिवेदन ल्याउने आयोगका अध्यक्ष, सदस्यहरूलाई कारबाहीको म माग गर्न चाहन्छु। कार्की आयोगको प्रतिवेदनका सन्दर्भमा कानुनविद र नागरिक समाजका अगुवाहरूको प्रतिक्रियालाई समेत बेवास्ता गर्दै अध्ययन बिना कारबाहीमा लैजाने मन्त्रिपरिषद्को निर्णय अत्यन्तै प्रतिशोधात्मक र आपत्तिजनक छ। हामी सरकारको यो निर्णयप्रति खेद व्यक्त गर्न चाहन्छौ। सुरक्षाकर्मीका हकमा अध्ययन समिति गठन गर्ने कस्तो विडम्बना हो। सेलेक्टिभ , गठन गर्ने तर तत्कालीन राजनीतिक नेतृत्वको हकमा भने कार्यान्वयन तर्फ अगाडि बढ्ने भन्ने निर्णय नव गठित सरकार विपक्ष नेताहरू प्रति कति पूर्वाग्राही र प्रतिशोधपूर्ण कारबाहीको प्रक्रिया अगाडी बढाउन उद्धत रहेको छ भन्ने कुरा स्पष्ट छ।

सम्माननीय अध्यक्ष महोदय, भाद्र २३ मा आन्दोलन भड्काउने स्कूले पोशाकमा बालबालिकाहरूलाई जबरजस्ती सडकमा उतार्ने, घेरा बन्दी गरी तनावपूर्ण अवस्था सिर्जना गर्ने तथा आतङ्क फैलाउने गतिविधि तथा भदौ २४ मा उग्र उपद्रव मचाउने संसद् भवन, सिंहदरवार, सर्वोच्च अदालत, प्रदेश र स्थानीय तहका कार्यालयहरू, सुरक्षा निकायका भवनहरू, सरकारी कार्यालयहरू, राजनीतिक दलका कार्यालय , निजी , उद्योग तथा व्यक्तिका घरहरूलाई आगजनी र तोडफोड गर्ने घटनामा संलग्न व्यक्तिहरू उपर निष्पक्ष र स्वतन्त्र अनुसन्धान गरि कानुनी दायरामा ल्याउनका लागि म यो कुरा यहाँहरूको माझमा राख्न चाहन्छु। सुरक्षाकर्मी माथि साङ्घातिक आक्रमण भए पश्चात, हतियार खोस्ने अवस्था सिर्जना भएपछि र संसद् भवन माथि आक्रमण सुरु भएपछि त्यसलाई जोगाउन बल प्रयोग गर्ने सुरक्षाकर्मी र राजनीतिक नेतृत्व उपर कारबाहीको डण्डा चलाउने जुन दृष्टता भयो, यो दुर्भाग्यपूर्ण छ। त्यसैगरी सबै पक्षको निष्पक्ष अनुसन्धान बिना चालिने कुनै पनि कदम पूर्वाग्राही, पूर्वाग्रहपूर्ण हुनेछ र यसले समग्र फौजदारी न्याय प्रणाली माथि प्रश्न उठाउने छ। त्यसैले हाम्रो दल पूर्वाग्राही कार्की आयोगको प्रतिवेदन अविलम्ब खारेज गरियोस्। मन्त्रिपरिषदको चैत्र १३ गतेको निर्णय अविलम्ब फिर्ता लगियोस्। सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा स्वतन्त्र विज्ञ समेत निष्पक्ष, स्वतन्त्र र तटस्थ उच्चस्तरीय न्यायिक छानबिन गरी भदौ २३ र २४ को सम्पूर्ण घटनाहरूलाई विश्लेषण गर्ने , छानबिन गर्ने त्यो खालको चाहिँ आयोग बनाइयोस्। हाम्रो पार्टीका अध्यक्षलाई प्रतिशोधपूर्ण ढङ्गबाट गिरफ्तार गरी झुट्टा मुद्दामा फसाउने सबै प्रपञ्चका हामी प्रति हामी सचेत छौं। यस प्रति हाम्रो सदन, सडक र कानुनी तीनै मोर्चाबाट न्याय खोजिरहेका छौं। यस क्रममा शान्तिपूर्ण जनपरिचालनमा सहभागी भएका नेकपा एमालेका केन्द्रीय कमिटीका सदस्यहरू, नेताहरू कार्यकर्ताहरू, माननीयज्यूहरू माथि बर्बरतापूर्वक ढङ्गबाट उहाँहरूको छातीमा बुट प्रहार गर्ने काम भएको छ। सुर्खेतमा त पार्टी कार्यालयमा प्रवेश गरेर आक्रमण गर्ने र

थुप्रै ठुलो सङ्ख्यामा घाइते बनाउने यो खालको काम भएको छ। देशै भरि भएको छ। सरकारको यो दमन दमनकारी नीतिप्रति हामी निन्दा र भर्त्सना गर्न चाहन्छौं। कत्रो विडम्बना लोकतन्त्र ल्याउनका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याउनका लागि हामी सबैले कुर्बानी गऱ्यौ। बोल्न पाउने, लेख्न पाउने, भाषण गर्न पाउने, सभा संगठन गर्न पाउने, शान्तिपूर्ण रुपमा जुलुसमा सहभागी हुन पाउने, विरोध गर्न पाउने, यो अधिकार संविधानले प्रदत्त गरेको अधिकार हो। यो अधिकारलाई कुण्ठित गर्नका लागि कामहरू भइरहेका छन्। हामी सचेत छौं। त्यसो भएको हुनाले हामी हाम्रो अध्यक्ष माथि भइरहेको साङ्घातिक यो खालको हमला गैरन्यायिक, पूर्वाग्राही, प्रतिशोधयुक्त यो हमला अविलम्ब फिर्ता गरियोस् र यसका लागि हामी सडकमा आइसकेका छौं। हामी सदनमा पनि यसैगरी पार्टीका भनाइ, जनताका विचार हामी अगाडी साछौं। सडकमा पनि र कानुनी हिसाबले पनि हामी न्याय पाउँछौ। हामीले हाम्रो आवाज सुनिन्छ छ भन्ने हामीलाई लागेको छ र सत्यको जित हुन्छ अन्तिममा। अन्तिममा सत्यको जित हुन्छ। मैले माथि विवरण प्रस्तुत गरे कस्तो व्यक्तित्वलाई कसरी गिरफ्तार गऱ्यो यो सरकारले। कति अन्याय यस्तो हुन्छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा यस्तो हुन्छ, यस्तो हुनुपर्ने हो ? यस्तो हुनु नपर्ने हो ? त्यसो भएको हुनाले यस्तो भयो विडम्बनापूर्ण कुराहरू भयो, दुर्भाग्यपूर्ण कुराहरू भयो। त्यसो भएको हुनाले अविलम्ब सच्चाइयोस्। फेरी म दोहोऱ्याएर तेहेऱ्याएर म निवेदन गर्न चाहन्छु कि पूर्व प्रधानमन्त्री सम्माननीय केपी शर्मा ओली नेकपा एमालेका अध्यक्ष एवं नेपाली काङ्ग्रेसका नेता रमेश लेखकज्यूलाई अविलम्ब रिहाइ गरियोस् र हाम्रो..... हाम्रो माग बहालवाला सर्वोच्च अदालतका न्यायाधीशको नेतृत्वमा तटस्थ, निष्पक्ष र न्यायिक छानबिन गरि २३ र २४ को घटनाको समग्रमा छानबिन गरेर दोषी उपर कडा भन्दा कडा कारबाही गरियोस्। धन्यवाद, नमस्कार।

(१४:५१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य पुजा चौधरी।

(१४:५१ बजे) **<u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, भर्खर जनताको विश्वास जितेर निर्वाचित हुनु भएका राष्ट्रिय सभा र प्रतिनिधि सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई म मेरो पार्टी जसपा नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। साथै हाम्रो देशको युवा, नयाँ प्रधानमन्त्री तथा मन्त्रिमण्डलका सम्पूर्ण सदस्यहरूलाई पनि हार्दिक बधाई दिन चाहन्छु। हुन त

हाम्रो देश बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो र लोकतन्त्रको सुन्दरता पनि यही हो। २०८२ साल भदौ २३ र २४ को दिनबाट देशव्यापी रुपमा सुरु भएको तत्कालीन नेपाल सरकार विरुद्धको श्रृङ्खलाबद्ध घटनाहरूमा जेनजीको प्रमुख भूमिका रह्यो भन्ने सर्वविदितै छ। त्यही जेनजी आन्दोलनको असर सार्वजनिक सम्पत्तिमा क्षति, व्यापार, उद्योग प्रभावित दैनिक ज्यालादारी गर्ने श्रमिकहरूमा पनि प्रत्यक्ष असर हुनु साथै अहिलेसम्म पनि नेपाली जनताको मनमा असुरक्षाको भावना कहीँ न कहीँ महसुस भएकै हो। तर आन्दोलनमा घाइते भएकाहरू तथा सहिदहरूको मर्म र नेपाली जनताको भ्रष्टाचार विरुद्धको आवाज, शासन सुधारको माग अनुरूप फागुन २१ गतेको निर्वाचनमा जित हासिल गर्नु भएका सम्पूर्ण माननीयज्यूहरूलाई पुनः बधाई दिन चाहन्छु। जनताको विश्वास अपार माया र भरोसा जितेर यहाँ सम्म पुग्नु भएको छ। यो केवल जित मात्र होइन। यो ठुलो जिम्मेवारी पनि हो, यो चुनौती पनि हो। यस जिम्मेवारी र चुनौतीलाई शक्ति सन्तुलन तथा कार्य कौशलता र प्रभावकारिताको सन्तुलन गर्न राष्ट्र सभाको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको छ। देशमा मौलाउँदो भ्रष्टाचार, कुशासन, बेरोजगारीको उपज, यो आन्दोलन र फागुन २१ को निर्वाचन पछिको यो बहुमतको सरकार जसले एन्टि करप्सन, आर्थिक वृद्धि र देशको अर्थतन्त्रमा सुधारको बाटोलाई अँगाल्दै अगाडि बढिरहनु भएको छ। देशमा सुशासन ल्याउनको लागि हाम्रो पनि साथ सहयोग हुने नै छ। नेपाली जनताले सुशासन महसुस गर्न सकोस्। देशमा नै युवाहरूले रोजगारीको अवसर पाओस् भन्ने चाहना र देशले विकासको बाटोमा नयाँ फड्को मारोस् र नयाँ नेपालको अनुभूति सबैले गर्न चाहन्छन्। एकातिर भ्रष्टाचारीहरूलाई कानुनको दायरामा ल्याएर कारबाही गर्नु स्वागत योग्य पक्ष पनि हो भने आन्दोलनको नाममा देशको भौतिक सरकारी संरचना जलाउँनेहरू कारबाहीमा पर्छन् कि पर्दैनन् र सरकारी संरचनाहरू जल्दा तोडफोड हुँदा राज्यका अन्य निकायहरू किन मौन थिए भन्ने प्रश्न अझ पनि अन्योलमा नै छ। जेनजी आन्दोलनको नाममा जो कोही घाइते भए र कोही हालसम्म पनि उपचारार्थ नै छन्। जसले आफ्नो सर्वस्व गुमाए सहिद परिवारहरू उहाँहरूको घाउ सायद नै कसैले निको पार्न सक्छ। उहाँहरूको आँसु, उहाँहरूको पिडा सायद नै कम गर्न सक्छ। तर उहाँहरूको बलिदान सकारात्मक परिवर्तनको लागि हो भन्ने आशाका साथ जो कोही पनि यसका दोषी हुन्। उनीहरूलाई पनि कारबाहीको दायरामा ल्याउन अहिलेको सरकारलाई विनम्र अनुरोध गर्दछु। नेपाली जनताको आशा, अपेक्षा, इच्छा र विश्वासलाई परिणाम मुखी बनाउँदै पारदर्शिता, इमानदारी र समर्थनको अपेक्षा गर्दै विकास, सुशासन र समृद्धिका मार्गमा हाम्रो देश नेपाल र नेपाली जनता अघि बढ्ने छन् भन्दै पुनः एक पटक राष्ट्र सभाका निर्वाचित माननीय सदस्यज्यूहरू साथै प्रतिनिधि सभाका सम्पूर्ण माननीयज्यूहरूलाई बधाई तथा सफल

कार्यकालको शुभकामना पुनः दिन चाहन्छु। साथै आज देखि सुरु भएको एसइइको परीक्षामा सहभागी हुने सबै विद्यार्थीहरूलाई पनि शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

(१४:५६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य महन्थ ठाकुर।

(१४:५७ बजे) **माननीय श्री महन्थ ठाकुर (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल):-** सम्माननीय अध्यक्ष महोदय, म, हामी अहिले भर्खर एउटा राष्ट्रिय गान गाएर यो यहाँको भाषामा त कठिनाइ मलाई भइरहेको छ। आफ्नै भाषामा बोल्नु पऱ्यो कि क्या हो ? सयौं थुङ्गा फुलको एक माला नेपाली। अब यसमा हाम्रा विभिन्न संस्कृति छ, भाषा छ। सबै चीज यसो सुन्दाखेरि त बडा गौरव लाग्छ। तर के वास्तविकमा यो वास्तविकता हो त ? फुल फुल्छ झर्नको लागि, यदि देखरेख उसको गरिएन भने। त कहाँ जान्छ छ हाम्रो राष्ट्रियता ? हामीसँग सेना छ, सोभरेन राष्ट्रको मात्र सेना हुन्छ। त्यसैकारण हामीलाई त लाग्छ कि हामी साँच्चै सोभरेन कन्ट्री (sovereign country) हो। हाम्रो देशमा सोभरेन्टी (sovereignty) छ। बाहिर हाम्रो सोभरेन्टी गएको छैन। तर त्यो पनि वास्तविकता हो कि ? के छ वास्तविकता ? अहिले हामी यो पनि सुन्यौं कि अहिलेसम्म चाहिँ यहाँ यो अवस्था जुन अवस्थामा छौं हामी। यो पनि यहाँसम्म हामी त्यसै पुगेको होइन। कसैको वरदान र दानले पुगेको होइन। सेक्डौं, हजारौंको सङ्ख्यामा लड्दा लड्दै यो अवस्थामा पुगेको छ। तर आजको अवस्था के हो त ? आज पनि जेलमा मानिस छदै छ। सजाय पाएकै छन्। कतिपय सम्मानित व्यक्तित्वहरूको पनि दुर्दशा हामीले देखिनै राखेका छौं। सन्तोष के गर्नु पऱ्यो कि प्रत्येक दश सालमा हाम्रो यहाँ परिवर्तन हुँदो रहेछ। ९७ साल होस्, २००७ साल, २०१७ साल, २७ साल विद्यार्थीहरूको आन्दोलन, ३६ साल र ४६ साल। प्रत्येक त्यसपछि त ६२/६३ को उपज, हामी धेरै यहाँ ६२/६३ को उपज हौं, त्यो आन्दोलनको। त कति परिवर्तन भएको छ ?

सडकको अनुहार त राम्रै देखिन्छ कहीँ-कहीँ। मठ मन्दिरको पनि रख-रखाव भएको छ। तर जनताको के ? किन प्रत्येक यो अवस्था दोहोरिन्छ ? किनकी बेरोजगारी छ। हरेक १० सालमा नयाँ युवाहरू तयार हुन्छ र रोजगारी छैन उसको पासमा। विदेश जान्छ, जानै पऱ्यो। तर त्यहाँ पनि किड्नी फेल गराएर आउँछन्, फर्किन्छन्। कहि पनि हामीलाई रक्षा गर्ने हामी राष्ट्र भन्छौ।

साँच्चै नै नेपाली हामीले समानता, स्वतन्त्रता, राष्ट्रियताको लागि सङ्घर्ष गरेका हौं, होइन। सुनिराखेका त त्यही हो। तर वास्तवमा समानता आएको छ त ? स्वतन्त्रता हामीले पाएका छौं त ? देखा परिरहेको त छैन। त जहाँ स्वतन्त्रता छैन, जहाँ जुन सोभरेनिटीको हामी कुरा गर्छौं, त्यो नै छैन। अनि यस्तो असमान समाजमा किन रहने। अनि हामीलाई अलगाववादी भन्ने। सारा अलगावको कुरा यिनीहरू गर्ने, जो सत्तामा आउँछ। त्यही भाषा सुन्छु, उनीहरूको राष्ट्रियता। सबै शासकले जब एकतामाथि खतरा आउँछ, आफ्नो सत्तामाथि खतरा हुन्छ राष्ट्रियताको नारानै दिन्छन्। जनतालाई आफ्नो तर्फ मोड्नको लागि र यो भुल भुलैयाबाट यो भइरहन्छ। इतिहास नै त्यही देखाइ रहेको छ, ठुला-ठुला साम्राज्यहरू गयो, देख्दा-देख्दै। यहाँ नि हाम्रो देशमा नि यो भन्दा पहिला पनि त कति चोटि "चेन्ज" परिवर्तन भएको छ। लिच्छविहरू आए र अहिले पनि हामी गणतन्त्रको लागि गणतन्त्र त आयो तर लुकीछिपी हेरिराखेका छन् कि तपाईहरूको आडमा नि कहीँ पाइन्छ फेरी कि। पाउने त होइन, किन फेरी सडकमा मानिस उत्रिहाल्छन् तर त्यो त देखा परिरहेको छ। सबै ठाउँमा आक्रमण भयो। निजी वाणिज्य व्यवसायको माथि, व्यवसायी माथि भने खोइ त निर्मल आवासमा त केही पनि भएन। त्यहाँ त राज्य सत्ता देखि नै रहेको छ। त्यसैले त्यो सब कम्तीमा जुन सोभरेनटीको कुरा गर्नुहुन्छ। तिनिहरू डिक्लाइनिङ्ग फोर्स हो। सडे गलेको र गन्ध सिवाय अरू केही दिन सक्दैन। अब सम्माननीय अध्यक्षजीले समय दिनुभयो, तपाईहरुले सुन्नुभयो। धेरै-धेरै धन्यवाद छ। धन्यवाद। जय मधेश।

**(१५:०४ बजे) <u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

**(१४:०५ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, सचिवज्यूहरू र अन्य उपस्थित कर्मचारी साथीहरू। आज हामी यो नयाँ सेसनको पहिलो उसमा छौं। आजको यो २०औं अधिवेशनको प्रथम दिन यहाँ उभिरहँदा आज देश कता जाने, के हुने हो भन्ने कुरा मलाई मात्र होइन सम्पूर्ण नेपाली जनतालाई पनि त्यो अनुभूति भइरहेको छ। निश्चित रूपमा हामीले एउटा नयाँ सरकार पाएका छौं र उहाँहरुले आफ्नो केही कार्य योजना पनि अघि सार्नु भएको छ। तर ती सबै अधुरा छन्। देश र नेपाली जनताको आवश्यकता अनुसारका नीति कार्यक्रमहरू आएका छैनन्। त्यसैले मलाई लाग्छ नेपाली जनताले निकै लामो

सङ्घर्ष गरेर राणा शासनको विरुद्धमा, निरङ्कुश पञ्चायती व्यवस्थाको विरुद्धमा सङ्घर्ष गरेर ल्याएको यो लोकतान्त्रिक गणतन्त्र। यसले न्याय पाउँछ कि पाउँदैन ? यो पनि विचारणीय छ। किनभन्दा हामीले सुनेका छौं हिजो सदन भित्र नै मुनरो डक्ट्रिनका (Monroe Doctrine) कुरा पनि सुन्यौ र नेपाली सेनाको सङ्ख्या घटाउनु पर्छ भन्ने प्रस्ताव पनि हामीले सुनेकै हो, सदन भित्रै। आज ती कुराहरू यथावत् छन् या तिनलाई हामीले थाती राखेर सरकारमा आइयो। यहाँ पनि विचारणीय कुरा छ। किनभन्दा मुनरो डक्ट्रिनका (Monroe Doctrine) हामीलाई थाहा छ। त्यसको आशय भारत विशाल देश भएको हुनाले नेपालले भारतले भनेको कुरो मान्नुपर्छ र उसको छत्रछायाँमा छायाँलाई हामीले स्विकार्नु पर्छ भन्ने आशय हो। यस खालका विचारहरू अब नयाँ सरकारले यसलाई कसरी लिन्छ र कसरी अगाडी जान्छ, यो हेर्नुपर्ने कुरा छ। त्यसैले देशको सबैभन्दा महत्वपूर्ण कुरा देशको राष्ट्रियता, क्षेत्रीय अखण्डता र सार्वभोमिकताको रक्षा हुनुपर्छ र लोकतान्त्रिक गणतन्त्रको रक्षा हुनुपर्छ। धर्म निरपेक्षतालाई हामीले संरक्षण गर्नुपर्छ। यो चाहिँ प्रमुख कुरा हो। यसको आधारमा रहेर नयाँ सरकार चल्न सक्छ कि सक्दैन ? हामीले प्रश्न त्यो छ।

त्यस्तै यहाँ प्रश्न उठ्यो भर्खरैको कार्की आयोग छानबिन आयोगको प्रतिवेदनको कुरा उठेको छ। निश्चित रूपमा त्यो छानबिन एक पक्षीय छ र त्यो खोटपूर्ण छ। त्यसले समग्र घटनाको निष्पक्ष किसिमले छानबिन गर्न सकेको छैन। २४ गतेमा जुन एउटा ताण्डव मच्चाइयो। सरकारी कार्यालयदेखि, महत्वपूर्ण संस्थानदेखि, व्यक्तिका घर र व्यक्तिगत सम्पत्तिहरू जलाउने र ध्वस्त पार्ने काम गरियो। त्यसको पछाडी कसको हात थियो ? त्यसलाई खोजबिन गर्नुपर्ने कि नपर्ने ? त्यसमा दोषी ठहरिएकाहरूलाई हामीले कारबाहीको दायरामा ल्याउनु पर्ने कि नपर्ने ? त्यो कुरा बोलिएको छैन त्यसमा। त्यसैले यो जुन छानबिन आयोगको प्रतिवेदन आएको छ, यो अधुरो छ। यसप्रति हाम्रो पार्टीको विमति छ।

देशमा हिजोदेखि रहिआएका जति पनि विकृति र विसङ्गतिहरू छन्। देशमा भएका व्यापक भ्रष्टाचारहरू, नीतिगत भ्रष्टाचार, महंगीहरू र जनताले शिक्षा, स्वास्थ्य र आफ्नो दैनिक जीवनमा भोग्नु परेको समस्याहरू यथावत् नै छ। अब त्यसलाई यो सरकारले कसरी हल गर्छ ? अब त्यो आगामी दिनमा हेर्नुपर्ने छ र देशको मुख्य एउटा आधारभूत समस्यालाई सम्बोधन नगरीकन सरकारको परिवर्तनले मात्रै देशमा शान्ति, सुव्यवस्था आउन सक्दैन। देशले प्रगति, उन्नति गर्न सक्दैन। मुख्य रूपमा आत्मनिर्भर अर्थतन्त्रमा हामीले जोड दिनुपर्छ। हामी अहिले बहुराष्ट्रिय कम्पनीको चपेटामा छौं। हाम्रो उत्पादन छैन, निर्यात मात्रै छ। हाम्रो उत्पादनशील, क्षमताशील युवाशक्तिहरू विदेश

पलायन भइरहेका छन्। उनीहरूलाई देशमा रोक्ने र देशमै उनीहरूलाई रोजगार दिने त्यो हामीहरूको योजना छैन। त्यसलाई सम्बोधन गर्न सक्छ कि सक्दैन यो सरकारले ? तब मात्र यो देश अघि बढ्न सक्छ, यो देशले प्रगति उन्नति देख्न सक्छ। विभिन्न पछाडी परेका क्षेत्रहरू छन्, विभिन्न भाषा भाषीहरू छन्। विभिन्न समुदायहरूको आफ्नै खालका समस्याहरू छन्। यहाँ महिलाका अलग समस्याहरू छन्। अघिनै कुरो उठिसक्यो, माननीयज्यूहरूले राखिसक्नुभयो। महिला हिंसाका कुराहरू, त्यसमाथि दलित उत्पीडनका कुराहरू दिन-दिनै बढ्दै गइरहेको छ। दलितहरूको पक्षमा बनेको नेपालको संविधानले प्रत्याभूत गरेको धारा ४० लाई कार्यान्वयन गर्नको लागि अहिले सम्म कानुन बन्न नसकेको अवस्था छ। यो अत्यन्त ठुलो विडम्बना हो। सिङ्गो दलित समुदाय आज छुवाछूत र भेदभाव र जातीय उत्पीडनको मारमा पिल्सिरहेका छन्। त्यसबाट उनीहरूलाई कसरी अगाडि निकाल्ने, उनीहरूलाई कसरी राहत दिने भन्ने कुरामा यो सरकारले कतिको कुशलतापूर्वक काम गर्छ त्यो हेर्न बाँकी छ। हुन त अहिले कुनै अहिले सम्मको सरकारले नगरेको उसले दलित समुदायलाई राज्यको तर्फबाट गढिएको जुन भेदभाव छ, त्यसमा क्षमा याचना गरेको छ। त्यो सकारात्मक कुरा छ। त्यो राम्रो कुरा छ तर क्षमा याचना गरेर मात्र भएन। उनीहरूलाई राहत पनि दिनुपर्‍यो। उनीहरूको जीवनस्तर उकास्नको लागि त्यस खालका कार्यक्रमहरू ल्याउनु पर्‍यो र त्यो कार्यक्रम लागू गर्नलाई बजेट छुट्याउनु पर्‍यो। निश्चित बजेट सहितको कार्यक्रम आएपछि मात्रै निश्चित समुदाय र वर्गहरूको उत्थानको निम्ति ढोका खुल्छ। त्यसैले यस खालका थुप्रै समस्याहरूको बीचमा आज यो सरकार आएको छ। त्यसैले यो सरकारले बहुमतको आडमा धेरै उत्तेजित भएर काम नगरोस्। नेपाली जनता र नेपाल देशको आवश्यकता के हो त्यसलाई राम्रोसँग बुझेर काम गरोस्।

विशेष गरेर म भन्न चाहन्छु आज विश्वमा एउटा साम्राज्यवादी युद्ध दन्किरहेको छ। इरानमा आगो बलिरहेको छ। त्यहाँका जनता बिचल्ली भएका छन्। त्यो युद्धको प्रत्यक्ष असर हाम्रो देशलाई पनि पर्छ। त्यसको कारणले आज सबै चीजहरू महंगी बढेर गइरहेको छ र आज विश्वको द्वन्दको बीचमा हाम्रो देशको परराष्ट्र नीति सन्तुलित हुनुपर्छ। असंलग्न परराष्ट्र नीति जुन हो त्यसलाई बलियोसँग अवलम्बन गरिएन भने यो देशले थेग्न सक्दैन र यो देश दायाँबायाँ हुनसक्छ। किनभन्दा हामी विशाल छिमेकी दुई देशको बीचमा छौं। आज हामीले आफ्नो परराष्ट्र नीतिलाई सही किसिमले सन्तुलन गर्न नसकेमा हाम्रो देशको अस्तित्व पनि मेटिने सम्भावना छ। त्यतिमा मात्र होइन, हिजोको सरकारको पालामा नै हामीले एमसीसी पास गरिसकेका छौं। यो एमसीसी नेपालको लागि

फलदायी छैन भनेर हाम्रो पार्टीले पहिलेदेखि भन्दै आइरहेको छ र अझ कुरा सुनिन्छ यहाँ अब एसपीपी पनि पास गर्ने कसरत चल्दै छ भित्र-भित्र भन्ने कुरो आइरहेको छ। यदि एसपीपी पनि पास गरियो भने त्यो देशको लागि ठुलो दुर्भाग्य हुनेछ। यो कुरामा बेलामै ध्यान पुर्याउनको लागि मैले यो सरकारलाई सचेत गराउन चाहन्छु। त्यसैले हामी विश्व शक्तिहरूको कसैको आडमा नलागीकन हामीले आफ्नो खुट्टामा उभिने परराष्ट्र नीति लिनुपर्छ र देश भित्रका विभिन्न जात-जाति, वर्ग, समुदाय र पछाडी परेका क्षेत्रहरूको उनीहरूको आधारभूत आवश्यकता के हो र त्यहाँ उनीहरूलाई कुन किसिमको हामीले सुविधा र विकास पुऱ्याउनु पर्ने हो, त्यो कुरामा ध्यान दिएर यो सरकार अगाडी बढोस् र यसले नेपाली जनताको भावना बुझोस् भन्ने यही शुभकामना दिन चाहन्छु र अन्त्यमा, यो राष्ट्रिय सभामा चुनेर आउनु भएका नया माननीयज्यूहरू र प्रतिनिधि सभामा चुनेर आउनु भएका सबै माननीयज्यूहरूलाई पनि मैले उहाँहरुलाई पनि शुभकामना दिन चाहन्छु। यति भन्दै मैले आफ्नो भनाइ टुङ्ग्याए। धन्यवाद।

(१५:१५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू अधिवेशन प्रारम्भको अवसरमा दलहरूको तर्फबाट मन्तव्य राख्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठन र कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब उक्त पत्रहरूको व्यहोरा जानकारी गराउँछु।

क. "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य वालेन्द्र शाहलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०८२ चैत्र १३ गते नियुक्त गर्नु भएको व्यहोरा अनुरोध गर्दछु।

(माहादेव पन्थ)
सचिव
२०८२ चैत्र १३"

ख. "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा मिति २०८२ चैत्र १३

गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्यविभाजनसमेत गर्नुभएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री वालेन्द्र शाह | प्रधानमन्त्री | रक्षा; उद्योग, वाणिज्य तथा आपूर्ति |
| २. | डा. स्वर्णिम वाग्ले | मन्त्री | अर्थ |
| ३. | श्री सुधन गुरुङ | मन्त्री | गृह |
| ४. | श्री शिशिर खनाल | मन्त्री | परराष्ट्र |
| ५. | श्री सुनिल लम्साल | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात; सहरी विकास |
| ६. | श्री विराज भक्त श्रेष्ठ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ७. | श्री खडक राज पौडेल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ८. | श्री सस्मित पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि; युवा तथा खेलकुद |
| ९. | श्री निशा मेहता | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या; खानेपानी |
| १०. | डा. विक्रम तिमिल्सिना | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ११. | श्री प्रतिभा रावल | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन;भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १२. | श्री सोविता गौतम | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| १३. | श्री गीता चौधरी | मन्त्री | कृषि तथा पशुपन्छी विकास; वन तथा वातावरण |
| १४. | श्री दिपक कुमार साह | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १५. | श्री सीता बादी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |

(माहादेव पन्थ)

सचिव

२०८२ चैत्र १५”

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम (८) बमोजिम राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचनको लागि सम्वत् २०८२ चैत्र २३ गते सोमवारको दिन तोकेको छु। साथै

नियमावलीको व्यवस्था बमोजिम सङ्घीय संसद्का महासचिव पद्म प्रसाद पाण्डेयलाई उपाध्यक्ष पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गर्न निर्देशन दिन्छु।

मानननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५० बमोजिम राष्ट्रिय सभाका विषयगत समितिका रिक्त सभापतिहरूको निर्वाचनका लागि मिति २०८२ चैत्र २४ गते मङ्गलवारको दिन तोकेको छु। साथै समिति सभापतिको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न राष्ट्रिय सभाका सचिव तुल बहादुर कंडेललाई निर्देशन गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल चैत्र २२ गते आइतवार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल चैत्र २२ गते आइतवार अपराह्न १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १५:१९ बजे।**